# <u>स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८३</u>

<u>प्रमाणीकरण मिति</u> :

२०८३।३।२५

संवत् २०८३ सालको ऐन नं. ०७

## <u>स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन</u>

**<u>प्रस्तावना</u> :** स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस ऐनको नाम "स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>वी. पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ मा संशोधन</u>**: वी. पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

ऐन, २०४९ को दफा ११ख. र ११ग. को सट्टा देहायका दफा ११ख. र ११ग. राखिएका छन्:-

"**११ख.** <u>उपकुलपतिको नियुक्ति</u>**:** (१) प्रतिष्ठानको उपकुलपति पदमा नियुक्तिको लागि सिफारिस पेश गर्न कुलपतिबाट सहकुलपतिको अध्यक्षतामा अन्य दुईजना सदस्यहरू रहेको एक समिति गठन हुनेछ र सो समितिको सिफारिसमा कुलपतिबाट उपकुलपतिको नियुक्ति हुनेछ।

(२) उपकुलपति प्रतिष्ठानको पूरा समय काम गर्ने कार्यकारी प्रमुख हुनेछ।

(३) उपकुलपतिको पदावधि चार वर्षको हुनेछ र निजको पदावधि पुनः थप हुन सक्नेछ।

(४) उपकुलपतिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(५) उपकुलपतिको पारिश्रमिक, सेवाको सर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**११ग. <u>शिक्षाध्यक्ष, रजिष्ट्रार र अस्पताल निर्देशकको नियुक्तिः</u>** (१) कार्यकारिणी समितिले बनाएको कार्यविधि बमोजिम सहकुलपतिले प्रतिष्ठानको शिक्षाध्यक्ष, रजिष्ट्रार र अस्पताल निर्देशकको नियुक्ति गर्नेछ।

(२) शिक्षाध्यक्ष, रजिष्ट्रार र अस्पताल निर्देशकको पदावधि चार वर्षको हुनेछ।

(३) शिक्षाध्यक्ष, रजिष्ट्रार र अस्पताल निर्देशकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(४) शिक्षाध्यक्ष, रजिष्ट्रार र अस्पताल निर्देशकको पारिश्रमिक, सेवाको

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

३. <u>**चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ मा संशोधन**</u> : चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ को दफा १८ र १९ को सट्टा देहायका दफा १८ र १९ राखिएका छन् :-

"**१८. <u>उपकुलपति</u>** : (१) उपकुलपति प्रतिष्ठानमा पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ।

(२) उपकुलपतिको पदमा नियुक्तिको लागि सिफारिस गर्न कुलपतिबाट सहकुलपतिको अध्यक्षतामा अन्य दुईजना सदस्य रहेको एक समिति गठन हुनेछ र सो समितिको सिफारिसमा कुलपतिले उपकुलपतिको नियुक्ति गर्नेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) उपकुलपतिको पदावधि चार वर्षको हुनेछ।

(४) उपकुलपतिको अनुपस्थितिमा निजले गर्ने काम सहकुलपतिबाट व्यवस्था भए बमोजिम हुनेछ।

(५) उपकुलपतिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

(६) उपकुलपतिको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्तहरु तोकिएबमोजिम हुनेछ।

**१९. <u>शिक्षाध्यक्ष, रजिष्ट्रार तथा डीन</u>:** (१) कार्यकारी परिषद्ले बनाएको कार्यविधि बमोजिम सहकुलपतिले शिक्षाध्यक्ष, रजिष्ट्रार तथा डीनको नियुक्ति गर्नेछ।

(२) शिक्षाध्यक्ष, रजिष्ट्रार तथा डीनको पदावधि चार वर्षको हुनेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) शिक्षाध्यक्ष, रजिष्ट्रार तथा डीनको नियुक्ति, काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाको सर्त सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।"

४. **<u>पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ मा संशोधन</u>** : पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ को दफा २०, २१, २२, २३ र २४ को सट्टा देहायका दफा २०, २१, २२, २३ र २४ राखिएका छन्:-

"२०. <u>उपकुलपति</u> : (१) उपकुलपति प्रतिष्ठानमा पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ।

(२) उपकुलपतिको पदमा नियुक्तिको लागि सिफारिस गर्न कुलपतिबाट सहकुलपतिको अध्यक्षतामा सभाका अन्य दुईजना सदस्य रहेको एक समिति गठन

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

हुनेछ र सो समितिको सिफारिसमा कुलपतिले उपकुलपति नियुक्ति गर्नेछ।

(३) उपकुलपतिको पदावधि चार वर्षको हुनेछ।

(४) उपकुलपतिको काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्त तोकिएबमोजिम हुनेछ।

२१. **शिक्षाध्यक्ष** : (१) प्रतिष्ठानको शैक्षिक तथा प्राज्ञिक कार्यको रेखदेखको लागि कार्यकारी परिषद्ले बनाएको कार्यविधि बमोजिम सहकुलपतिले शिक्षाध्यक्षको नियुक्ति गर्नेछ।

(२) शिक्षाध्यक्ष प्रतिष्ठानमा पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(३) शिक्षाध्यक्षको पदावधि चार वर्षको हुनेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(४) शिक्षाध्यक्षको अन्य काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्त तोकिएबमोजिम हुनेछ।

२२. <u>रजिष्ट्रार</u> : (१) प्रतिष्ठानको आर्थिक र कर्मचारी प्रशासन सम्बन्धी कामको रेखदेखको लागि कार्यकारी परिषद्ले बनाएको कार्यविधि बमोजिम सहकुलपतिले रजिष्ट्रारको नियुक्ति गर्नेछ।

(२) रजिष्ट्रार प्रतिष्ठानको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(३) रजिष्ट्रारको पदावधि चार वर्षको हुनेछ।

(४) रजिष्ट्रारको अन्य काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्त तोकिएबमोजिम हुनेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

२३. **<u>डीन</u>** : (१) प्रतिष्ठानको सङ्कायको प्रमुख भई काम गर्नको लागि कार्यकारी परिषद्ले बनाएको कार्यविधिबमोजिम सहकुलपतिले डीनको नियुक्ति गर्नेछ।

(२) डीन प्रतिष्ठानको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(३) डीनको पदावधि चार वर्षको हुनेछ।

(४) डीनको काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्त तोकिएबमोजिम हुनेछ।

२४. **<u>निर्देशक</u>** : (१) अस्पतालको प्रशासकीय प्रमुखको रूपमा काम गर्नको लागि कार्यकारी परिषद्ले बनाएको कार्यविधि बमोजिम सहकुलपतिले निर्देशकको नियुक्ति गर्नेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) निर्देशकको पदावधि चार वर्षको हुनेछ।

(३) निर्देशकको काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्त तोकिएबमोजिम हुनेछ।"

५. **कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८ मा संशोधन** : कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८ को दफा २०, २१, २२, २३ र २४ को सट्टा देहायका दफा २०, २१, २२, २३ र २४ राखिएका छन्:-

"२०. उपकुलपति : (१) उपकुलपति प्रतिष्ठानमा पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ।

(२) उपकुलपतिको पदमा नियुक्तिको लागि सिफारिस गर्न कुलपतिबाट सहकुलपतिको अध्यक्षतामा सभाका अन्य दुईजना सदस्य रहेको एक समिति गठन

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

हुनेछ र सो समितिको सिफारिसमा कुलपतिले उपकुलपति नियुक्ति गर्नेछ।

(३) उपकुलपतिको पदावधि चार वर्षको हुनेछ।

(४) उपकुलपतिको काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्त तोकिएबमोजिम हुनेछ।

**२१. <u>शिक्षाध्यक्ष</u> :** (१) प्रतिष्ठानको शैक्षिक तथा प्राज्ञिक कार्यको रेखदेखको लागि कार्यकारी परिषद्ले बनाएको कार्यविधि बमोजिम सहकुलपतिले शिक्षाध्यक्षको नियुक्ति गर्नेछ।

(२) शिक्षाध्यक्ष प्रतिष्ठानमा पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(३) शिक्षाध्यक्षको पदावधि चार वर्षको हुनेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(४) शिक्षाध्यक्षको अन्य काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्त तोकिएबमोजिम हुनेछ।"

२२. **रजिष्ट्रार** : (१) प्रतिष्ठानको आर्थिक र कर्मचारी प्रशासन सम्बन्धी कामको रेखदेखको लागि कार्यकारी परिषद्ले बनाएको कार्यविधि बमोजिम सहकुलपतिले रजिष्ट्रारको नियुक्ति गर्नेछ।

(२) रजिष्ट्रार प्रतिष्ठानको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(३) रजिष्ट्रारको पदावधि चार वर्षको हुनेछ।

(४) रजिष्ट्रारको अन्य काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्त तोकिएबमोजिम हुनेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

२३. **<u>डीन</u>** : (१) प्रतिष्ठानको सङ्कायको प्रमुख भई काम गर्नको लागि कार्यकारी परिषद्ले बनाएको कार्यविधिबमोजिम सहकुलपतिले डीनको नियुक्ति गर्नेछ।

(२) डीन प्रतिष्ठानको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(३) डीनको पदावधि चार वर्षको हुनेछ।

(४) डीनको काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्त तोकिएबमोजिम हुनेछ।

२४. **<u>निर्देशक</u>** : (१) अस्पतालको प्रशासकीय प्रमुखको रुपमा काम गर्नको लागि कार्यकारी परिषद्ले बनाएको कार्यविधि बमोजिम सहकुलपतिले निर्देशकको नियुक्ति गर्नेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) निर्देशकको पदावधि चार वर्षको हुनेछ ।

(३) निर्देशकको काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्त तोकिएबमोजिम हुनेछ।"

६. <u>**पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७२ मा संशोधन**</u> : पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७२ को,-

(१) दफा (२) को खण्ड (ठ) को सट्टा देहायको खण्ड (ठ) राखिएको छः-

"(ठ) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय सम्झनु पर्छ।"

(२) दफा २३ को सट्टा देहायको दफा २३ राखिएको छः-

"२३. <u>**पदाधिकारीको पदावधि, सेवा, सर्त तथा काम, कर्तव्य र अधिकार सम्बन्धी**</u>

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

**व्यवस्था**: (१) उपकुलपति, डीन तथा निर्देशकको पदावधि चार वर्षको हुनेछ।

(२) प्रतिष्ठानमा उपदफा (१) मा उल्लेख भए बाहेक तोकिए बमोजिमका अन्य पदाधिकारीहरू रहन सक्नेछन्।

(३) उपदफा (१) वा (२) बमोजिमका पदाधिकारीहरुको नियुक्ति, सेवा, सर्त तथा काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।"

७. **राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ मा संशोधन** : राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ को दफा १९, २०, २१, २२ र २३ को सट्टा देहायको दफा १९, २०, २१, २२ र २३ राखिएका छन्:-

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

"१९. **उपकुलपति** : (१) उपकुलपति प्रतिष्ठानमा पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ।

(२) उपकुलपतिको पदमा नियुक्तिको लागि सिफारिस गर्न कुलपतिबाट सहकुलपतिको अध्यक्षतामा सभाका अन्य दुईजना सदस्य रहेको एक समिति गठन हुनेछ र सो समितिको सिफारिसमा कुलपतिले उपकुलपति नियुक्ति गर्नेछ।

(३) उपकुलपतिको पदावधि चार वर्षको हुनेछ।

(४) उपकुलपतिको काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्त तोकिएबमोजिम हुनेछ।

२०. **शिक्षाध्यक्ष** : (१) प्रतिष्ठानको शैक्षिक तथा प्राज्ञिक कार्यको रेखदेखको लागि कार्यकारी

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

परिषद्ले बनाएको कार्यविधि बमोजिम सहकुलपतिले शिक्षाध्यक्षको नियुक्ति गर्नेछ।

(२) शिक्षाध्यक्ष प्रतिष्ठानमा पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(३) शिक्षाध्यक्षको पदावधि चार वर्षको हुनेछ।

(४) शिक्षाध्यक्षको अन्य काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्त तोकिएबमोजिम हुनेछ।

२१. <u>रजिष्ट्रार</u>ः (१) प्रतिष्ठानको आर्थिक र कर्मचारी प्रशासन सम्बन्धी कामको रेखदेखको लागि कार्यकारी परिषद्ले बनाएको कार्यविधिबमोजिम सहकुलपतिले रजिष्ट्रारको नियुक्ति गर्नेछ।

(२) रजिष्ट्रार प्रतिष्ठानको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) रजिष्ट्रारको पदावधि चार वर्षको हुनेछ।

(४) रजिष्ट्रारको अन्य काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्त तोकिएबमोजिम हुनेछ।

२२. **<u>डीन</u>** : (१) प्रतिष्ठानको सङ्कायको प्रमुख भई काम गर्नको लागि कार्यकारी परिषद्ले बनाएको कार्यविधिबमोजिम सहकुलपतिले डीनको नियुक्ति गर्नेछ।

(२) डीन प्रतिष्ठानको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(३) डीनको पदावधि चार वर्षको हुनेछ।

(४) डीनको अन्य काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्त तोकिएबमोजिम हुनेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

२३. **<u>निर्देशक</u>** : (१) अस्पतालको प्रशासकीय प्रमुखको रूपमा काम गर्नको लागि कार्यकारी परिषद्ले बनाएको कार्यविधि बमोजिम सहकुलपतिले निर्देशकको नियुक्ति गर्नेछ।

(२) निर्देशकको पदावधि चार वर्षको हुनेछ।

(३) निर्देशकको अन्य काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्त तोकिएबमोजिम हुनेछ।"

८. **<u>खारेज भएका दफाको व्यवस्था जागेको मानिने</u>** : स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ बाट देहायका ऐनका देहायका दफा खारेज भएकोमा यो ऐन प्रारम्भ भएको मितिबाट त्यसरी खारेज हुनुभन्दा अघि कायम रहेको सो दफाको व्यवस्था स्वतः जागेको मानिनेछः-

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(क) वी. पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ को दफा ११घ,

(ख) चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ को दफा २२,

(ग) पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ को दफा २६,

(घ) कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८ को दफा २६,

(ङ) पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७२ को दफा २४, र

(च) राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ को दफा २५।

९. **<u>खारेजी र बचाउ</u>** : (१) स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ खारेज गरिएको छ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) उपदफा (१) बमोजिमको अध्यादेशबमोजिम भए गरेका कामकारबाही यसै ऐनबमोजिम भए गरेको मानिनेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय